# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

# सूचना

<u>अनुमतिप्राप्त सम्पूर्ण भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायकहरु</u>

विश्वव्यापी रुपमा पछिल्ला केही दिनयता कोभिड-१९ को संक्रमण दोस्रो लहर (Second Wave) को रुपमा फैलिंदै गएको र सोही रुपमा नेपालका विभिन्न स्थानमा समेत संक्रमण जोखिम दिनानुदिन बढ्दै गइरहेको, नयाँ भेरिएन्टको संक्रमणको दर उच्च रहेको परिप्रेक्ष्यमा सतर्कताका साथ भुक्तानी सेवाको सुनिश्चितता गर्नुपर्ने देखिएकोले यस बैंकबाट अनुमतिप्राप्त संस्थाहरुले देहायका व्यवस्थाहरु अवलम्बन गरी पूर्ण सजगताका साथ भुक्तानी सेवा प्रदान गर्न/गराउन हुन अनुरोध छ ।

१) नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सम्पूर्ण उपायहरु अवलम्बन गर्ने ।

२) संस्थाहरुले आफ्नो व्यवसायिक निरन्तरतालाई उच्च प्राथमिकतामा राखी कार्यालयमा उपस्थित नभई सम्पादन गर्न असम्भव हुने कामको लागि मात्र न्यून कर्मचारीको उपस्थितिबाट कार्यसम्पादन हुने व्यवस्था मिलाउने । साथै, सूचना प्रविधिको उच्चतम प्रयोग गरी Work From Home तथा Remote Access बाट कार्य सम्पादनलाई जोड दिने ।

३) कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरणको लागि निषेधाज्ञा जारी भएका स्थानहरुमा रहेका कार्यालयको हकमा २० प्रतिशतभन्दा कम कर्मचारीहरुबाट कार्यसम्पादन हुने व्यवस्था मिलाउने ।

४) विभिन्न निकायबाट जारी भएका/हुने निषेधात्मक आदेशको पालनाका लागि स्थानीय निकायसँगको समन्वयमा सेवा सञ्चालन गर्ने ।

मितिः- २०७८/०१/१९

कार्यकारी निर्देशक